लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

*कल्याण, सुर्खेत*

**कर्णाली प्रदेश, नेपाल**

**(प्रशासन शाखा)**

प.सं.- २०७९/०८०

च.नं.- ८९९

मिति: २०७९/०६/२७

विषयः- अमानतमा नदीजन्य पदार्थ उठाउने सम्बन्धमा ।

श्री १/ ४/६/ ७/८ र ९ नं. वडा कार्यालय
लेकवेशी सुर्खेत ।

प्रस्तुत विषयमा लेकवेशी नगरपालिकाको आ.व. २०७९/०८० को बार्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गरी समयमा नै सुचारु गर्नु पर्ने भएकोले लेकवेशी नगरपालिका वडा नं. १ स्थित रातेखोला, वडा नं. ४ र ६ को सिमानामा रहेको गमखोला, वडा नं. ७, ८ र ९ को सिमानामा रहेको चिङ्गाड खोलाको नदीजन्य पदार्थ निकासी गरी विक्रि वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना प्रथम पटक प्रकाशित मिति २०७९/०६/११ गते प्रकाशित भई टेण्डर प्रकृयामा रहेको तर उक्त टेण्डर प्रकृया सम्पन्न हुन अझै लामो समय लाग्ने भएकोले टेण्डर प्रकृया शुरु नहुदा सम्मका लागि उक्त खोलाहरुको नदीजन्य पदार्थ प्रचलित दररेटमा विक्रि वितरण तथा निकासी गर्नका लागि सम्बन्धित वडाहरुलाई अमानतमा उठाउन जिम्मा दिने र अमानतमा उठाउन जिम्मा दिईएको परिणाम घटाई ठेकेदार/निर्माण व्यवसायीसँग सम्झौता गर्ने साथै अमानतमा उठेको राजश्व सम्बन्धित वडाले लेकवेशी नगरपालिकाको विभाज्य कोषमा हसा/हसामा प्राईम कमर्सियल बैक दशरथपुर सुर्खेतमा दाखिला गरी सो को सक्कलै बैंक भौचर नगरपालिकाको राजश्व शाखामा पेश गरी अमानतमा उठेको रकमको १०% रकम सम्बन्धित वडालाई प्रदान गर्ने गरी अमानतको कार्य अगाडि बढाउने भनी लेकवेशी नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/०६/१४ गते वसेको नवौं बैठकबाट निर्णय भएकोले उक्त खोलाहरुको नदीजन्य पदार्थ अमानतमा उठाउनु हुन साथै अमानतमा जिम्मा पाएका वडाहरुले लेकवेशी नगरपालिका कल्याण सुर्खेतको राजश्व शाखाबाट हालको प्रचलित दररेट र रसिद प्रमाणित गरी पछि सम्म फरक नपर्ने गरी रसिद बुझि नदीजन्य पदार्थको विक्री वितरण तथा निकासी गर्नुहुन जानकारी गराईन्छ ।

०६/२६
.........................
(पहलमान अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थः-
श्री नगर प्रमुखज्यू
श्री नगर उप-प्रमुखज्यू

वोधार्थः-
श्री प्राविधिक शाखाः- अमानतमा रहेका खोलाहरुको नियमित अनुगमन गर्नुहुन ।
श्री योजना शाखाः- अमानतमा रहेका खोलाहरुको नियमित अनुगमन गर्नुहुन ।
श्री राजश्व शाखाः- सम्बन्धित वडाहरुमा रसिद ठेली प्रमाणित गरी उक्त वडाहरुबाट तोकिएको समयमा राजश्व दाखिला भए/नभएको यकिन गर्नुहन ।
लेकवेशी नगरपालिका कल्याण, सुर्खेत ।